# नेपाल राष्ट्र बैंक

## आर्थिक अनुसन्धान विभाग, बालुवाटार, काठमाडौं

# देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति

*(आर्थिक वर्ष २०७९/८० को चार महिनाको तथ्याङ्कमा आधारित)*


### प्रमुख झलक

- *वार्षिक बिन्दुगत आधारमा उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित मुद्रास्फीति ८.०८ प्रतिशत रहेको छ ।*
- *आयात १८.१ प्रतिशतले, निर्यात ३३.३ प्रतिशतले र कुल वस्तु व्यापार घाटा १५.९ प्रतिशतले घटेको छ ।*
- *विप्रेषण आप्रवाह नेपाली रुपैयाँमा २०.४ प्रतिशतले र अमेरिकी डलरमा १०.८ प्रतिशतले बढेको छ ।*
- *शोधनान्तर स्थिति रु.२० अर्ब ३ करोडले बचतमा रहेको छ ।*
- *कुल विदेशी विनिमय सञ्चिति रु.१२४६ अर्ब २७ करोड र अमेरिकी डलरमा ९ अर्ब ६३ करोड रहेको छ ।*
- *संघीय सरकारको खर्च रु.३५१ अर्ब र राजस्व परिचालन रु.२६८ अर्ब ७ करोड रहेको छ ।*
- *विस्तृत मुद्राप्रदाय १.० प्रतिशतले बढेको छ । वार्षिक बिन्दुगत आधारमा यस्तो मुद्राप्रदाय ६.४ प्रतिशतले बढेको छ ।*
- *बैंक तथा वित्तीय संस्थाको निक्षेप संकलन ०.९ प्रतिशतले बढेको छ र निजी क्षेत्रमा प्रवाहित कर्जा १.५ प्रतिशतले बढेको छ । वार्षिक बिन्दुगत आधारमा निक्षेपको वृद्धिदर ८.६ प्रतिशत र निजी क्षेत्रमा प्रवाहित कर्जाको वृद्धिदर ५.४ प्रतिशत रहेको छ ।*

## मुद्रास्फीति

### उपभोक्ता मुद्रास्फीति

१. २०७९ कात्तिक महिनामा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ८.०८ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ६.०४ प्रतिशत रहेको थियो । समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ७.३८ प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति ८.६३ प्रतिशत रहेको छ ।



चार्ट १: वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति

| तालिका १ : वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति (प्रतिशत) | | | |
|---|---|---|---|
| विवरण | २०७८ कात्तिक | २०७९ असोज | २०७९ कात्तिक |
| **समग्र मुद्रास्फीति** | **६.०४** | **८.५०** | **८.०८** |
| *खाद्य तथा पेय पदार्थ* | *५.४४* | *८.०५* | *७.३८* |
| *गैर-खाद्य तथा सेवा* | *६.५१* | *८.८५* | *८.६३* |

२. समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूह अन्तर्गत रेष्टुरेण्ट तथा होटल उप-समूहको मूल्य सूचकाङ्क १५.९७ प्रतिशत, सुर्तीजन्य पदार्थको ११.८१ प्रतिशत, दुग्ध पदार्थ तथा अण्डाको ९.३३ प्रतिशत, खाद्य तथा खाद्यजन्य पदार्थको ९.१९ प्रतिशत र मदिराजन्य पेय पदाथको ८.८४ प्रतिशतले बढेको छ ।

३. गैर-खाद्य तथा सेवा समूह अन्तर्गत यातायात

उप-समूहको मूल्य सूचकाङ्क १७.७१ प्रतिशत, स्वास्थ्यको ११.२२ प्रतिशत,  मनोरञ्जन तथा संस्कृतिको ८.७६ प्रतिशत, घरायसी उपयोगका वस्तुहरुको ८.४९ प्रतिशत र फर्निसिङ्ग तथा घरायसी उपकरणहरुको ८.३३ प्रतिशतले बढेको छ ।

४. समीक्षा महिनामा काठमाडौं उपत्यकामा ७.५६ प्रतिशत, तराईमा ८.५२ प्रतिशत, पहाडमा ८.०३ प्रतिशत र हिमालमा ६.६८ प्रतिशत मुद्रास्फीति रहेको छ । २०७८ कात्तिक महिनामा यी क्षेत्रहरुमा क्रमशः ६.१४ प्रतिशत, ५.४२ प्रतिशत, ७.१४ प्रतिशत र ५.०० प्रतिशत मुद्रास्फीति रहेको थियो ।

### थोक मुद्रास्फीति

५. २०७९ कात्तिक महिनामा वार्षिक बिन्दुगत थोक मुद्रास्फीति १०.०२ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ६.६८ प्रतिशत रहेको थियो ।

६. समीक्षा महिनामा उपभोग्य वस्तु, मध्यवर्ती वस्तु र पुँजीगत वस्तुको थोक मूल्यवृद्धि क्रमशः ५.६२ प्रतिशत, १३.४९ प्रतिशत र ४.६९ प्रतिशत रहेको छ । समीक्षा महिनामा निर्माण सामग्रीको थोक मूल्यवृद्धि ११.८९ प्रतिशत रहेको छ ।

### तलब तथा ज्यालादर सूचकाङ्क

७. २०७९ कात्तिक महिनामा वार्षिक बिन्दुगत तलब तथा ज्यालादर सूचकाङ्क ११.४७ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही महिनामा उक्त सूचकाङ्क ५.०३ प्रतिशतले बढेको थियो । समीक्षा महिनामा तलब सूचकाङ्क र ज्यालादर सूचकाङ्क क्रमशः १२.३९ प्रतिशत र  ११.१९ प्रतिशतले बढेको छ ।

### नेपाल र भारतको उपभोक्ता मुद्रास्फीति


८. २०७९ कात्तिक महिनामा नेपालको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ८.०८ प्रतिशत रहेको छ । सन् २०२२ नोभेम्बर महिनामा भारतको यस्तो मुद्रास्फीति ५.८८ प्रतिशत रहेको छ ।

## बाह्य क्षेत्र

### वैदेशिक व्यापार

९. आर्थिक वर्ष २०७९/८० को चार महिनामा कुल वस्तु निर्यात ३३.३ प्रतिशतले कमी आई रु.५४ अर्ब ७७ करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यात १०४.३ प्रतिशतले वृद्धि भएको थियो । गन्तव्यका आधारमा भारत र चीनतर्फ भएको निर्यात क्रमशः ४२.३ प्रतिशत र ३४.२ प्रतिशतले कमी आएको छ भने अन्य मुलुकतर्फको निर्यात ७.४ प्रतिशतले वृद्धि भएको छ । वस्तुगत आधारमा जिंक शिट, पार्टिकल बोर्ड, ऊनी गलैंचा, चिया, तयारी पोशाक लगायतका वस्तुको निर्यात बढेको छ भने सोयाविन तेल, पाम तेल, पिना, जुटका सामान, लत्ताकपडा लगायतका वस्तुको निर्यात घटेको छ ।

चार्ट २: वैदेशिक व्यापार (चार महिना)




१०. आर्थिक वर्ष २०७९/८० को चार महिनामा कुल वस्तु आयात १८.१ प्रतिशतले कमी आई रु.५३२ अर्ब ६९ करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात ६१.६ प्रतिशतले बढेको थियो । वस्तु आयात गरिने मुलुकका आधारमा भारत, चीन तथा अन्य मुलुकबाट भएको आयात क्रमशः १६.५ प्रतिशत, २०.९ प्रतिशत र २०.१ प्रतिशतले कमी आएको छ । वस्तुगत आधारमा पेट्रोलियम पदार्थ, रासायनिक मल, स्पंज आइरन, सुन,

हवाइजहाजका स्पेयर पार्टपुर्जा लगायतका वस्तुको आयात बढेको छ भने सवारी साधन तथा स्पेयर पार्टपुर्जा, चाँदी, दूरसञ्चारका उपकरण तथा पार्ट्स, एम.एस.विलेट, कच्चा सोयाविन तेल लगायतका वस्तुको आयात घटेको छ ।

११. निर्याततर्फ सुख्खा बन्दरगाह, जलेश्वर, कैलाली, कृष्णनगर, मेची, त्रिभुवन विमानस्थल भन्सार कार्यालय बाहेकका प्रमुख नाकाबाट गरिएको निर्यात घटेको छ । आयाततर्फ जलेश्वर बाहेकका सम्पूर्ण प्रमुख नाकाबाट भएको आयातमा कमी आएको छ ।

१२. आर्थिक वर्ष २०७९/८० को चार महिनामा कुल वस्तु व्यापार घाटा १५.९ प्रतिशतले कमी आई रु.४७७ अर्ब ९२ करोड कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा ५६.८ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा निर्यात-आयात अनुपात १०.३ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात १२.६ प्रतिशत रहेको थियो ।

१३. समीक्षा अवधिमा भारतबाट परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी रु.४२ अर्ब ६९ करोड बराबरको वस्तु आयात भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात रु.७१ अर्ब ४० करोड बराबरको भएको थियो ।

### वैदेशिक व्यापारको संरचना

१४. वृहत्त आर्थिक वर्गीकरण अनुसार समीक्षा अवधिमा भएको कुल निर्यातमा मध्यवर्ती तथा अन्तिम उपभोग्य वस्तुको अनुपात क्रमशः ५४.६ प्रतिशत र ४५.४ प्रतिशत रहेको छ भने पुँजीगत वस्तुको अनुपात नगन्य अर्थात् ०.०२ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा भएको कुल निर्यातमा मध्यवर्ती, पुँजीगत तथा अन्तिम उपभोग्य वस्तुको अनुपात क्रमशः ४४.१ प्रतिशत, ०.०२ प्रतिशत र ५५.८ प्रतिशत रहेको थियो ।

१५. समीक्षा अवधिमा भएको कुल आयातमा मध्यवर्ती वस्तुको अनुपात ५३.० प्रतिशत, पुँजीगत वस्तुको ८.३ प्रतिशत तथा अन्तिम उपभोग्य वस्तुको अनुपात ३८.७ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यी अनुपातहरु क्रमशः ५३.१ प्रतिशत, ११.१ प्रतिशत र ३५.८ प्रतिशत रहेको थियो ।

### निर्यात-आयात मूल्य सूचकाङ्क

१६. वार्षिक विन्दुगत आधारमा २०७९ कात्तिक महिनामा भन्सार तथ्याङ्कमा आधारित निर्यातको एकाइ मूल्य सूचकाङ्क (Unit Value Index) २.० प्रतिशतले बढेको छ भने आयातको एकाइ मूल्य सूचकाङ्क १०.३ प्रतिशतले बढेको छ । २०७८ कात्तिक महिनामा ५.३ प्रतिशतले घटेको व्यापारको शर्त (Terms of Trade) २०७९ कात्तिक महिनामा ७.५ प्रतिशतले घटेको छ ।

### सेवा

१७. समीक्षा अवधिमा खुद सेवा आय रु.२३ अर्ब ३० करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा आय रु.३० अर्ब ७९ करोडले घाटामा रहेको थियो ।

१८. सेवा खाता अन्तर्गत समीक्षा अवधिमा भ्रमण आय १३७.० प्रतिशतले वृद्धि भई रु.१७ अर्ब ९६ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय रु.७ अर्ब ५८ करोड रहेको थियो ।

१९. समीक्षा अवधिमा सेवा खाता अन्तर्गत भ्रमण व्यय ६३.८ प्रतिशतले वृद्धि भई रु.३३ अर्ब ६ करोड पुगेको छ । यसमध्ये शिक्षातर्फको व्यय रु.२२ अर्ब ६१ करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा भ्रमण व्यय रु.२० अर्ब १९ करोड रहेकोमा शिक्षातर्फको व्यय रु. १० अर्ब ७० करोड रहेको थियो ।

### विप्रेषण आप्रवाह

२०. समीक्षा अवधिमा विप्रेषण आप्रवाह २०.४ प्रतिशतले वृद्धि भई रु.३७८ अर्ब ४ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ७.० प्रतिशतले घटेको थियो । अमेरिकी डलरमा विप्रेषण आप्रवाह १०.८ प्रतिशतले वृद्धि भई २ अर्ब ९३ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह ७.३ प्रतिशतले घटेको थियो ।

२१. समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या १०२.५ प्रतिशतले वृद्धि भई १,९५,१९६ पुगेको छ । त्यसैगरी, वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति

लिने नेपालीको संख्या समीक्षा अवधिमा ४६.४ प्रतिशतले वृद्धि भई ८७,४२८ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या २४९.१ प्रतिशतले बढेको थियो ।

२२. समीक्षा अवधिमा खुद ट्रान्सफर २०.२ प्रतिशतले वृद्धि भई रु.४१७ अर्ब ३८ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर ६.९ प्रतिशतले घटेको थियो ।

### चालु खाता एवम् शोधनान्तर स्थिति


२३. समीक्षा अवधिमा चालु खाता रु.३५ अर्ब ४० करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा चालु खाता रु.२२० अर्ब ९१ करोडले घाटामा रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा १ अर्ब ८६ करोडले घाटामा रहेको चालु खाता समीक्षा अवधिमा २८ करोडले घाटामा रहेको छ ।

२४. समीक्षा अवधिमा पुँजीगत ट्रान्सफर १८.१ प्रतिशतले वृद्धि भई रु.२ अर्ब ९७ करोड कायम भएको छ भने खुद प्रत्यक्ष वैदेशिक लगानी रु.४३ करोड आएको छ । अघिल्लो वर्षको सोही अवधिमा पुँजीगत ट्रान्सफर रु.२ अर्ब ५२ करोड र खुद प्रत्यक्ष वैदेशिक लगानी रु.६ अर्ब ६३ करोड प्राप्त भएको थियो ।

२५. समीक्षा अवधिमा शोधनान्तर स्थिति रु.२० अर्ब ३ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु.१५० अर्ब ३८ करोडले घाटामा रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा १ अर्ब २७ करोडले घाटामा रहेको शोधनान्तर स्थिति समीक्षा अवधिमा १४ करोड ९६ लाखले बचतमा रहेको छ ।

### कुल विदेशी विनिमय सञ्चिति

२६. २०७९ असार मसान्तमा रु.१२१५ अर्ब ८० करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति २.५ प्रतिशतले वृद्धि भई २०७९ कात्तिक मसान्तमा रु.१२४६ अर्ब २७ करोड पुगेको छ । अमेरिकी डलरमा यस्तो सञ्चिति २०७९ असार मसान्तमा ९ अर्ब ५४ करोड रहेकोमा २०७९ कात्तिक मसान्तमा १.० प्रतिशतले वृद्धि भई ९ अर्ब ६३ करोड कायम भएको छ ।




२७. कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०७९ असार मसान्तमा रु.१०५६ अर्ब ३९ करोड रहेकोमा २०७९ कात्तिक मसान्तमा ३.३ प्रतिशतले वृद्धि भई रु.१०९१ अर्ब २२ करोड पुगेको छ। बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंकबाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति २०७९ असार मसान्तमा रु.१५९ अर्ब ४१ करोड रहेकोमा २०७९ कात्तिक मसान्तमा २.७ प्रतिशतले कमी आई रु.१५५ अर्ब ५ करोड कायम भएको छ । २०७९ कात्तिक मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २३.५ प्रतिशत रहेको छ ।

### सञ्चिति पर्याप्तता सूचक

२८. आर्थिक वर्ष २०७९/८० को चार महिनाको आयातलाई आधार मान्दा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति ९.७ महिनाको वस्तु आयात र ८.४ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ। २०७९ कात्तिक मसान्तमा विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादन, कुल आयात र विस्तृत मुद्राप्रदायसँगका अनुपातहरु क्रमशः २५.७ प्रतिशत, ७०.० प्रतिशत र २२.४ प्रतिशत रहेका छन् । २०७९ असार मसान्तमा यी अनुपातहरु क्रमशः २५.१ प्रतिशत, ५७.८ प्रतिशत र २२.१ प्रतिशत रहेका थिए ।

### कच्चा पेट्रोलियम एवम् सुनको मूल्य

२९. अन्तर्राष्ट्रिय बजारमा २०७८ कात्तिक मसान्तमा प्रति ब्यारल अमेरिकी डलर ८२.८५ रहेको कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०७९ कात्तिक मसान्तमा ११.८ प्रतिशतले वृद्धि भई अमेरिकी डलर ९२.६१ पुगेको

छ। त्यसैगरी, अन्तर्राष्ट्रिय बजारमा २०७८ कात्तिक मसान्तमा प्रति आउन्स सुनको मूल्य अमेरिकी डलर १८५९.२० रहेकोमा २०७९ कात्तिक मसान्तमा ४.६ प्रतिशतले कमी आई अमेरिकी डलर १७७३.०० कायम भएको छ।

### विनिमय दर

३०. २०७९ असार मसान्तको तुलनामा २०७९ कात्तिक मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ १.५१ प्रतिशतले अवमूल्यन भएको छ। अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ ०.१३ प्रतिशतले अधिमूल्यन भएको थियो। २०७९ कात्तिक मसान्तमा अमेरिकी डलर एकको खरिद विनिमय दर रु.१२९.४६ पुगेको छ। २०७९ असार मसान्तमा उक्त विनिमय दर रु.१२७.५१ रहेको थियो।

# सरकारी वित्त स्थिति

## संघीय सरकार

### खर्च तथा राजस्व

३१. आर्थिक वर्ष २०७९/८० को चार महिनामा संघीय सरकारको कुल खर्च नेपाल सरकार, अर्थ मन्त्रालय (महालेखा नियन्त्रक कार्यालय) का अनुसार रु.३५१ अर्ब भएको छ। समीक्षा अवधिमा चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्था खर्चतर्फ क्रमशः रु.२८१ अर्ब ३९ करोड, रु.२६ अर्ब ३० करोड र रु.४३ अर्ब ३१ करोड रहेको छ।

**तालिका २ : सरकारी खर्च तथा राजस्व (चार महिनासम्म)**

| विवरण | रकम (रु.अर्बमा) | | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|
| | २०७८/७९ | २०७९/८० | २०७८/७९ | २०७९/८० |
| **कुल खर्च** | **२८७.५४** | **३५१.००** | **६.९** | **२२.१** |
| *चालु खर्च* | *२३३.५१* | *२८१.३९* | *१.५* | *२०.५* |
| *पुँजीगत खर्च* | *२०.७९* | *२६.३०* | *-२९.४* | *२६.५* |
| *वित्तीय व्यवस्था* | *३३.२४* | *४३.३१* | *२४९.९* | *३०.३* |
| **राजस्व परिचालन** | **३३४.३२** | **२६८.०७** | **३९.२** | **-१९.८** |
| *कर राजस्व* | *३०५.४०* | *२४५.७९* | *३५.१* | *-१९.५* |
| *गैर-कर राजस्व* | *२८.९२* | *२२.२८* | *१०५.०* | *-२३.०* |

*स्रोत : महालेखा नियन्त्रक कार्यालय।*

३२. समीक्षा अवधिमा संघीय सरकारको कुल राजस्व परिचालन (प्रदेश सरकार तथा स्थानीय तहमा बाँडफाँट हुने रकम समेत) रु.२६८ अर्ब ७ करोड भएको छ। समीक्षा अवधिमा यस अन्तर्गत कर राजस्व तर्फ रु.२४५ अर्ब ७९ करोड र गैर कर राजस्व तर्फ रु.२२ अर्ब २८ करोड परिचालन भएको छ (तालिका २)।

### नेपाल सरकारको नगद मौज्दात

३३. २०७९ कात्तिक मसान्तमा यस बैंकमा रहेका सरकारका विभिन्न खातामा रु.१८२ अर्ब ८४ करोड (प्रदेश सरकार तथा स्थानीय तहको खातामा रहेको रकम समेत) नगद मौज्दात रहेको छ। २०७९ असार मसान्तमा यस्तो मौज्दात रु.२२७ अर्ब ६९ करोड रहेको थियो।

## प्रदेश सरकार

### खर्च तथा राजस्व


३४. समीक्षा अवधिमा प्रदेश सरकारहरुको कुल खर्च रु.२७ अर्ब ७५ करोड रहेको छ। त्यसैगरी, समीक्षा अवधिमा प्रदेश सरकारको स्रोत परिचालन रु.४३ अर्ब ५२ करोड रहेको छ। समीक्षा अवधिमा यसमध्ये संघीय सरकारले हस्तान्तरण गरेको अनुदान र विभाज्य कोषबाट बाँडफाँट हुने राजस्वसमेत गरी रु.३० अर्ब ५ करोड छ र प्रदेश सरकारहरुले परिचालन गरेको राजस्व र अन्य स्रोतबाट रु.१३ अर्ब ४७ करोड रहेको छ।

# मौद्रिक स्थिति

## मुद्राप्रदाय

३५. आर्थिक वर्ष २०७९/८० को चार महिनामा विस्तृत मुद्राप्रदाय १.० प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय १.४ प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७९ कात्तिक मसान्तमा विस्तृत मुद्राप्रदाय ६.४ प्रतिशतले बढेको छ ।

**चार्ट ४: मुद्राप्रदायको वृद्धिदर (कात्तिक) (वार्षिक विन्दुगत)**




३६. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु.२० अर्ब ३ करोड (१.८ प्रतिशत) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रु.१५० अर्ब ३८ करोड (११.३ प्रतिशत) ले घटेको थियो ।

३७. समीक्षा अवधिमा सञ्चित मुद्रा २.८ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रा ८.७ प्रतिशतले घटेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७९ कात्तिक मसान्तमा सञ्चित मुद्रा ०.२ प्रतिशतले घटेको छ ।

## कुल आन्तरिक कर्जा

३८. आर्थिक वर्ष २०७९/८० को चार महिनामा कुल आन्तरिक कर्जा २.२ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा ५.९ प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७९ कात्तिक मसान्तमा यस्तो कर्जा १०.५ प्रतिशतले बढेको छ ।

३९. समीक्षा अवधिमा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी २.४ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो दावी ९.४ प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७९ कात्तिक मसान्तमा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी ६.० प्रतिशतले बढेको छ ।

## निक्षेप परिचालन

४०. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेप रु.४६ अर्ब ७४ करोड (०.९ प्रतिशत) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निक्षेप रु.६२ अर्ब ४२ करोड (१.३ प्रतिशत) ले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७९ कात्तिक मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेप ८.६ प्रतिशतले बढेको छ ।

**तालिका ३: बैंक तथा वित्तीय संस्थाहरुमा रहेको निक्षेपको अंश (प्रतिशतमा)**


| निक्षेप | असार मसान्त | | कात्तिक मसान्त | |
|---|---|---|---|---|
| | २०७८ | २०७९ | २०७८ | २०७९ |
| चल्ती | १०.४ | ८.९ | ७.१ | ७.४ |
| बचत | ३४.२ | २७.६ | ३३.१ | २६.० |
| मुद्दती | ४७.० | ५५.८ | ५२.३ | ५८.० |
| अन्य | ८.४ | ७.७ | ७.५ | ८.६ |

४१. २०७९ कात्तिक मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको कुल निक्षेपमा चल्ती, बचत र मुद्दती निक्षेपको अंश क्रमशः ७.४ प्रतिशत, २६.० प्रतिशत र ५८.० प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस्तो अंश क्रमशः ७.१ प्रतिशत, ३३.१ प्रतिशत र ५२.३ प्रतिशत रहेको थियो ।

४२. २०७९ कात्तिक मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको कुल निक्षेपमा संस्थागत निक्षेपको अंश ३७.१ प्रतिशत रहेको छ । २०७८ कात्तिक मसान्तमा यस्तो निक्षेपको अंश ३९.८ प्रतिशत रहेको थियो ।

## कर्जा प्रवाह

४३. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा रु.६८ अर्ब ५५ करोड (१.५ प्रतिशत) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा रु.३६४ अर्ब ६२ करोड (८.९ प्रतिशत) ले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७९ कात्तिक मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ५.४ प्रतिशतले बढेको छ ।



चार्ट ५: निक्षेप तथा कर्जा वृद्धिदर (कात्तिक) (वार्षिक विन्दुगत)

४४. २०७९ कात्तिक मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जामध्ये गैर-वित्तीय संस्थागत क्षेत्रतर्फ प्रवाह भएको कर्जाको अंश ६४.० प्रतिशत र व्यक्तिगत तथा घरपरिवार क्षेत्रतर्फ प्रवाह भएको कर्जाको अंश ३६.० प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः ६४.१ प्रतिशत र ३५.९ प्रतिशत रहेको थियो ।

४५. समीक्षा अवधिमा निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंकहरुको कर्जा प्रवाह १.३ प्रतिशतले, विकास बैंकहरुको ३.४ प्रतिशतले र वित्त कम्पनीहरुको ०.१ प्रतिशतले बढेको छ ।

४६. २०७९ कात्तिक मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको लगानीमा रहिरहेको कर्जामध्ये ६६.८ प्रतिशत कर्जा घर जग्गाको धितोमा र १२.३ प्रतिशत कर्जा चालु सम्पत्ति (कृषि तथा गैर-कृषिजन्य वस्तु) को धितोमा प्रवाह भएको छ । २०७८ कात्तिक मसान्तमा यस्तो धितोमा प्रवाहित कर्जाको अनुपात क्रमशः ६६.५ प्रतिशत र १२.३ प्रतिशत रहेको थियो ।

४७. आर्थिक वर्ष २०७९/८० को चार महिनामा बैंक तथा वित्तीय संस्थाहरुको लगानीमा रहेको कर्जामध्ये औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा ६.८ प्रतिशतले, सेवा उद्योग क्षेत्रतर्फको कर्जा ३.८ प्रतिशतले, यातायात, संचार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा २.९ प्रतिशतले, निर्माण क्षेत्रतर्फको कर्जा प्रवाह २.५ प्रतिशतले, कृषि क्षेत्रतर्फ प्रवाह भएको कर्जा २.४ प्रतिशतले र थोक तथा खुद्रा व्यापार क्षेत्रतर्फको कर्जा २.१ प्रतिशतले बढेको छ ।

४८. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कर्जामध्ये आवधिक कर्जा ४.९ प्रतिशतले, ओभरड्राफ्ट कर्जा ९.७ प्रतिशतले, ट्रष्ट रिसिट (आयात) कर्जा ४.६ प्रतिशतले, डिमान्ड तथा चालु पुँजी कर्जा ३.६ प्रतिशतले र रियल स्टेट कर्जा (व्यक्तिगत आवासीय घर कर्जा समेत) २.८ प्रतिशतले बढेको छ भने हायर पर्चेज कर्जा ३.३ प्रतिशतले र मार्जिन प्रकृति कर्जा ५.६ प्रतिशतले घटेको छ ।

## तरलता व्यवस्थापन

४९. समीक्षा अवधिमा यस बैंकबाट रिपोमार्फत रु.२०३ अर्ब ८७ करोड, सोझै खरिद बोलकबोलमार्फत रु.७२ अर्ब २० करोड र स्थायी तरलता सुविधामार्फत रु.२५५७ अर्ब ४ करोड गरी कुल रु.२८३३ अर्ब ११ करोड तरलता प्रवाह गरिएको छ । अघिल्लो वर्षको सोही अवधिमा विभिन्न उपकरणहरुमार्फत खुद रु.१७३६ अर्ब ८४ करोड तरलता प्रवाह गरिएको थियो ।

५०. समीक्षा अवधिमा यस बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरु) बाट अमेरिकी डलर १ अर्ब ५२ करोड खुद खरिद गरी रु.१९५ अर्ब ८६ करोड तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर ४१ करोड ३४ लाख खुद खरिद गरी रु.४९ अर्ब ५९ करोड तरलता प्रवाह गरिएको थियो ।

५१. समीक्षा अवधिमा अमेरिकी डलर १ अर्ब ३६ करोड बिक्री गरी रु.१७५ अर्ब १६ करोड बराबरको भारतीय रुपैयाँ खरिद भएको छ । अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर १ अर्ब ३६ करोड बिक्री गरी रु.१६१ अर्ब ८४ करोड बराबरको भारतीय रुपैयाँ खरिद भएको थियो ।

## पुनरकर्जा, सहुलियतपूर्ण कर्जा र व्यवसाय निरन्तरता कर्जा

५२. यस बैंकले सहुलियत दरमा प्रदान गर्दै आएको पुनरकर्जा २०७९ कात्तिक मसान्तमा रु.१०२ अर्ब ६० करोड लगानीमा रहेको छ ।

५३. २०७९ कात्तिक मसान्तसम्ममा १ लाख ४८ हजार ४ सय ३३ ऋणीलाई सहुलियतपूर्ण कर्जा प्रवाह भई रु.२१० अर्ब १२ करोड कर्जा बक्यौता रहेको छ । यसमध्ये कृषि तथा पशुपंक्षी व्यवसाय कर्जा अन्तर्गत ६० हजार ४ सय ६१ ऋणीलाई प्रवाह भएको रु.१३८ अर्ब ६९ करोड कर्जा बक्यौता रहेको छ भने महिला उद्यमशील कर्जाअन्तर्गत ८५ हजार १ सय ३८ महिला उद्यमीलाई प्रवाह भएको रु.६८ अर्ब ६ करोड कर्जा बक्यौता रहेको छ । सहुलियतपूर्ण कर्जाका अन्य शीर्षक अन्तर्गत २ हजार ८ सय ३४ ऋणीको रु.३ अर्ब ३७ करोड कर्जा बक्यौता रहेको छ ।

५४. "व्यावसायिक निरन्तरता कर्जा प्रवाह कार्यविधि, २०७७" बमोजिम कोभिड-१९ प्रभावित पर्यटन र घरेलु, साना तथा मझौला उद्यम क्षेत्रको व्यवसाय निरन्तरतामा सहयोग पुऱ्याउन ती क्षेत्रका श्रमिक तथा कर्मचारीको पारिश्रमिक भुक्तानीका लागि प्रवाह भएको कर्जा २०७९ कात्तिक मसान्तमा रु.८५ करोड ९४ लाख बक्यौता रहेको छ ।

## अन्तर-बैंक कारोबार

५५. आर्थिक वर्ष २०७९/८० को चार महिनामा वाणिज्य बैंकहरुको रु.११४८ अर्ब २७ करोड र अन्य वित्तीय संस्थाहरु (वाणिज्य बैंकहरुबीच बाहेक) को रु.११८ अर्ब ९५ करोड गरी कुल रु.१२६७ अर्ब २२ करोडको अन्तर-बैंक कारोबार भएको छ । अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंकहरुको रु.१०४३ अर्ब २२ करोड र अन्य वित्तीय संस्थाहरुको रु.१५८ अर्ब ४० करोड गरी कुल रु.१२०१ अर्ब ६२ करोडको अन्तर बैंक कारोबार भएको थियो ।

## ब्याजदर

५६. २०७८ कात्तिकमा ९१-दिने ट्रेजरी बीलको भारित औसत ब्याजदर ४.८१ प्रतिशत रहेकोमा २०७९ कात्तिकमा १०.८८ प्रतिशत रहेको छ । वाणिज्य बैंकहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७८ कात्तिकमा ४.९६ प्रतिशत रहेकोमा २०७९ कात्तिकमा ८.५० प्रतिशत रहेको छ । मौद्रिक नीतिको संचालन लक्ष्यको रुपमा लिइने औसत अन्तर-बैंक ब्याजदर २०७९ कात्तिकमा ८.५० प्रतिशत रहेको छ । अघिल्लो बर्षको सोही महिनामा यस्तो ब्याजदर ४.९६ प्रतिशत रहेको थियो ।

तालिका ४ : भारित औसत ब्याजदर स्थिति (प्रतिशत)

| शीर्षक | २०७८ कात्तिक | २०७९ कात्तिक |
|---|---|---|
| ९१-दिने ट्रेजरी बिल | ४.८१ | १०.८८ |
| अन्तर बैंक ब्याजदर | ४.९६ | ८.५० |
| आधार दर | ७.८२ | १०.६० |
| निक्षेपको ब्याजदर | ५.८० | ८.३२ |
| कर्जाको ब्याजदर | ९.०२ | १२.६५ |

५७. वाणिज्य बैंकहरुको औसत आधारदर २०७८ कात्तिकमा ७.८२ प्रतिशत रहेकोमा २०७९ कात्तिकमा १०.६० प्रतिशत कायम भएको छ । २०७९ कात्तिकमा वाणिज्य बैंकहरुको निक्षेपको भारित औसत ब्याजदर ८.३२ प्रतिशत र कर्जाको भारित औसत ब्याजदर १२.६५ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्ता दरहरु क्रमशः ५.८० प्रतिशत र ९.०२ प्रतिशत रहेका थिए ।

## मर्जर/प्राप्ति

५८. वित्तीय स्थायित्व सुदृढीकरण गर्ने उद्देश्यले यस बैंकले बैंक तथा वित्तीय संस्था गाभ्ने/गाभिने तथा प्राप्ति सम्बन्धी प्रक्रिया शुरु गराएपश्चात् २०७९ कात्तिक मसान्तसम्म कुल २४७ बैंक तथा वित्तीय संस्थाहरु मर्जर/प्राप्ति प्रक्रियामा सामेल भएका छन् । यसमध्ये १७९ संस्थाहरुको इजाजत खारेज हुन गई ६८ संस्था कायम भएका छन् ।

### वित्तीय पहुँच

५९. कुल ७५३ स्थानीय तहमध्ये २०७९ कात्तिकसम्म ७५२ तहमा वाणिज्य बैंकहरुका शाखा विस्तार भएका छन् । २०७८ कात्तिकसम्म ७५० स्थानीय तहमा वाणिज्य बैंकहरुका शाखा विस्तार भएका थिए ।

६०. यस बैंकबाट इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको संख्या २०७९ कात्तिक मसान्तमा १२५ रहेको छ । यसमध्ये २६ वाणिज्य बैंक, १७ विकास बैंक, १७ वित्त कम्पनी, ६४ लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैंक सञ्चालनमा रहेका छन् । बैंक तथा वित्तीय संस्थाहरुको शाखा संख्या २०७९ असार मसान्तमा ११,५२८ रहेकोमा २०७९ कात्तिक मसान्तमा ११,६३२ पुगेको छ (तालिका ५) ।

**तालिका ५: बैंक तथा वित्तीय संस्थाको संख्या तथा शाखा संख्या***

| बैंक तथा वित्तीय संस्था | बैंक तथा वित्तीय संस्थाको संख्या | | | बैंक तथा वित्तीय संस्थाको शाखा संख्या | | |
|---|---|---|---|---|---|---|
| | २०७८ असार मसान्त | २०७९ असार मसान्त | २०७९ कात्तिक मसान्त | २०७८ असार मसान्त | २०७९ असार मसान्त | २०७९ कात्तिक मसान्त |
| वाणिज्य बैंक | २७ | २६ | २६ | ४७५३ | ५००९ | ५०९० |
| विकास बैंक | १८ | १७ | १७ | १०२३ | १११८ | ११२३ |
| वित्त कम्पनी | १७ | १७ | १७ | २२२ | २६७ | २७५ |
| लघुवित्त वित्तीय संस्था | ७० | ६५ | ६४ | ४६८५ | ५१३४ | ५१४४ |
| पूर्वाधार विकास बैंक | १ | १ | १ | – | – | – |
| **जम्मा** | **१३३** | **१२६** | **१२५** | **१०६८३** | **११५२८** | **११६३२** |

*यस सम्बन्धी अद्यावधिक विवरण http://emap.nrb.org.np/ मा उपलब्ध छ ।


### विद्युतीय भुक्तानी कारोबार

६१. विद्युतीय भुक्तानी पूर्वाधारमा भएको विकास, विद्युतीय भुक्तानी कारोबारका लागि गरिएको प्रोत्साहन र सर्वसाधारणको विद्युतीय भुक्तानी उपकरण प्रयोगमा बढ्दो अभ्यासका कारण विद्युतीय भुक्तानी कारोबार बढ्दै गएको छ ।

## पुँजी बजार

६२. २०७८ कात्तिकमसान्तमा २७८४.६ रहेको नेप्से सूचकाङ्क २०७९ कात्तिकमसान्तमा १९११.३ कायम भएको छ ।

**चार्ट ६: नेप्से सूचकाङ्क**




६३. २०७९ कात्तिकमसान्तमा धितोपत्र बजार पुँजीकरण रु.२७४९ अर्ब २४ करोड कायम भएको छ । २०७८ कात्तिकमसान्तमा बजार पुँजीकरण रु.३९१६ अर्ब ४५ करोड रहेको थियो ।

६४. २०७९ कात्तिकमा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको संख्या २४५ पुगेको छ । सूचीकृत कम्पनीहरुमध्ये १४८ बैंक तथा वित्तीय संस्था र बीमा कम्पनी रहेका छन् भने ६० जलविद्युत् कम्पनी, १९ उत्पादन तथा प्रशोधन उद्योग, ६ लगानी कम्पनी, ५ होटल, ४ व्यापारिक संस्था र ३ अन्य समूहका रहेका छन् । २०७८ कात्तिकमा सूचीकृत कम्पनीहरूको संख्या २२२ रहेको थियो ।

६५. सूचीकृत कम्पनीहरूमध्ये बैंक तथा वित्तीय संस्था र बीमा कम्पनीको धितोपत्र बजार पुँजीकरणको हिस्सा ६८.१ प्रतिशत रहेको छ । त्यसैगरी जलविद्युत कम्पनीको हिस्सा १०.३ प्रतिशत, लगानी कम्पनीको ६.४ प्रतिशत, उत्पादन

तथा प्रशोधन उद्योगको हिस्सा ४.४ प्रतिशत, होटेलको हिस्सा १.७ प्रतिशत, व्यापारिक संस्थाको हिस्सा ०.४ प्रतिशत तथा अन्य समूहका कम्पनीहरुको हिस्सा ८.७ प्रतिशत रहेको छ ।

६६. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २०७९ कात्तिकमसान्तमा सूचीकृत ६ अर्ब ८३ करोड शेयरको चुक्ता मूल्य रु. ६७३ अर्ब ३९ करोड रहेको छ ।

६७. आर्थिक वर्ष २०७९/८० को चार महिनामा रु.३५ अर्ब बराबरको विकास ऋणपत्र, रु.२८ अर्ब ४४ करोड बराबरको डिबेन्चर, रु.९ अर्ब २९ करोड बराबरको बोनस शेयर, रु.७ अर्ब ५८ करोड बराबरको साधारण शेयर, रु.४ अर्ब ४९ करोड बराबरको म्युचुअल फण्ड र रु.२ अर्ब ३७ करोड बराबरको हकप्रद शेयरगरी कुल रु.८७ अर्ब १७ करोड बराबरको थप धितोपत्र सूचीकृत भएका छन् ।

६८. समीक्षा अवधिमा नेपाल धितोपत्र बोर्डले रु.६ अर्ब २४ करोड बराबरको डिबेन्चर, रु.३ अर्ब १५ करोड बराबरको म्युचुअल फण्ड, रु.१ अर्ब २८ करोड बराबरको साधारण शेयर, रु.९५ करोड बराबरको हकप्रद शेयर गरी कुल रु.११ अर्ब ६३ करोड बराबरको धितोपत्र सार्वजनिक निष्काशनका लागि अनुमति दिएको छ ।